# महिलामाथि कृषिकामको बोझ र यसको असर*

■ सुजाता तामाङ्ग**

## पृष्ठभूमि

जीविकोपार्जनको मुख्य स्रोत नै कृषि रहेको हाम्रो देशमा ग्रामीण महिलाहरुको सम्पुर्ण समय खेतीपाती र घरायसी काममा उपयोग भइरहेको छ । विभिन्न समाजिक तथा साँस्कृतिक पृष्टभुमिका आधारमा पनि खेतीपाती गर्ने कामको जिम्मा महिला तथा पुरुषले बाँडफाँड गरी गर्दै आएको पाइन्छ । नेपाली समाजमा सामान्य रुपमा हेर्दा बढी बल लाग्ने तथा घर भन्दा धेरै टाढा गएर गर्नुपर्ने काममा पुरुष बढी सक्रिय रहेको पाईन्छ भने बिउ संकलन, भण्डारण, बाली रोप्न जमिन तयार गर्ने, रोप्ने, गोडमेल गर्ने, टिप्ने जस्ता कामहरु धेरैजसो महिलाहरुले नै गर्ने गर्दछन् । यसै गरी गाइवस्तुलाई स्याहारसुसार गर्ने, घाँस काट्ने, मल थन्क्याउने, खेतबारी सम्म पुर्‍याउने काम पनि माहिलाहरुकै जिम्मामा हुन्छ । विगत केही वर्षयता भने पुरुषहरु कामको खोजीमा घर छोडी बाहिरिने चलन बढेको छ । जसले गर्दा खेतीपाती गर्ने कामको बोझ कसको हुन आएको छ भन्ने कुरा अध्यननको विषय बनेको छ ।

## परम्परागत खेतीपातीमा महिलाको भूमिका

खेतीपातीको विकासक्रमलाई हेर्दा महिलाहरुले आफनो बासस्थान वरिपरि बिउ लगाउने र अन्न र बिउ सञ्चय (जोगाउने) गर्ने र त्यसको उपयोग गर्न सुरु गरेदेखि नै खेतीपातीको सुरुवात भएको भन्न सकिन्छ । मानब विकासको सुरुमा हाते औजारले खेतीपाती गरिने हुँदा त्यतिबेला महिलाकै बढी भुमिका हुन्थ्यो । कृषि औजारहरुको विकास र जनावरहरुको खेतीपातीमा प्रयोग बढेपछि भने खेतीपातीमा पुरुषहरुको संलग्नता बढेको कुरा अध्यनहरुले देखाएको छ । यसरी हेर्दा प्राचिन समयदेखि नै खेतीपातीको काममा महिलाको मुख्य भुमिका महत्वपूर्ण रहँदै आएको देखिन्छ ।

नेपाली समाजको सामान्य परिवारमा एउटी महिलाले बिहान उठेदेखि साँझ नसुतेसम्म दिनहु साना-ठूला धेरै कामहरुको जिम्मा लिनु पर्दछ । सामान्य ग्रामीण कृषक महिला बिहान उठेर घरको लिपपोत, बढारबुढुर तगायत घाँस, दाउरा, खाजा-खाना, केटाकेटी तथा वृद्धवृद्धाको स्याहार सुसार र त्यसपछि मौसमअनुसार खेतीपातीको काम भ्याउनु

* *यो लेख मुगु जिल्लाको धैना र जिमा गा.वि.समा गरिएको एक अध्ययनमा आधारित छ ।*

** *लेखक खाद्य तथा दिगो खेतीपाती अभियान, फरेष्टएक्सन नेपालमा आवद्ध हुनुहुन्छ ।*

पर्ने हुन्छ । देख्दा सामान्य लाग्ने तर धेरै ध्यान र समय लगाएर गर्नुपर्ने यी कामहरु गर्न महिलाहरुलाई भ्याइनभ्याइ हुन्छ । सामान्यत पुरुषप्रधान समाज भएको कारण महिलाका कामहरुमा पुरुषहरुले मद्दत गर्दैनन् । घरमूलीको पहिचान पाएका, पैतृक वा आर्जित सम्पत्तिको स्वामित्व भएका, पुरुषहरुको निर्णयबाट मात्र घर व्यवहार चलाउने, परिवारका सदस्यहरु बीच कामको बाँडफाँड गर्ने काम हुन्छ जसले गर्दा महिलाहरु पारिवारिक मजदुर सरह काम गर्न बाध्य छन् । यस्तो स्थिती ग्रामीण क्षेत्रको खेतीपातीको काममा बढी देखिन्छ । यदि गैरकृषि क्षेत्रको कुरा गर्ने हो भने आजभोलि यो दृश्य परिवर्तन भइरहेको छ जुन सकारात्मक पनि छ ।

## पुरुषहरुको खेतीपातीबाट पलायन

श्रम बजारको विश्वव्यापीकरण, तथा रोजगारिको आधारहरुमा आएको फेरबदलले नेपाली समाजको सामाजिक-आर्थिक तथा पेशागत अवस्थामा व्यापक परिवर्तन भएको छ । जसको परिणाम खेतीपातीमा संलग्न ठूलो जनसँख्याको हिस्सा ग्रामीण क्षेत्रबाट शहरतिर सर्दैछ । युवाहरु कामको खोजीमा अन्य मुलुकमा जाने क्रम बढ्दो छ । गएको ८-१० वर्षयता यो क्रममा तीव्रता आएको छ । लगभग ३० लाख भन्दा बढी नेपाली युवाहरु रोजगारिका लागि विदेश गएका छन्[घ] । अस्थायी रुपमा भारत जानेको संख्या त अझ धेरै छ । फलस्वरुप गाँऊमा र परिवारमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग तथा श्रम गर्न नसक्ने व्यक्तिहरुमात्र बाँकी रहेकाछन ।

**कृषि क्षेत्रबाट पुरुषको पलायनसँगै कृषि कामको बोझले महिलाहरुको सामाजिक र पारिवारीक जीवनपद्दतिमा के कस्तो फेरबदल आउदैछ र यसका असरहरुले उनीहरुको व्यक्तिगत जीवनमा कसरी फरक पार्दैछ भन्ने कुरा बुझ्न मद्दत गर्दछ । यि सवालहरुको विस्तृत अध्ययन गरी उनीहरुले झेलिरहेका कठिनाईहरु काम गर्न के गर्न सकिन्छ भन्ने कुरा बहसमा ल्याउन आवश्यक छ ।**

## महिला माथि कृषिको बढ्दो भार

महिलाहरुलाई आफुले गर्दै आएको काम बाहेक परिवारका पुरुष सदस्यहरुले गर्ने कामको बोझ थपिएको छ । घरव्यवहार चलाउन साथै भरपर्दो आम्दानीको स्रोतको अभावले बाहिरिएका पुरुषहरुको आम्दानीले मात्र सबै घरायसी व्यवहार नचल्ने हुदा उनीहरु खेतीपाती सम्हाल्न बाध्य छन् । पुरुषहरु घरमा हुँदा खेतीपातीका बारेमा निर्णय लिने काम देखि कतिपय बल लाग्ने (कुलो खन्ने, जोत्ने), तथा अप्ठ्यारा कामहरु (रातीमा पानी लाउने, टाढा वा बजारबाट सामान ल्याउने) गर्ने गर्दथे तर उनीहरुको अनुपस्थितिमा यी सबै कामको बन्दोबस्त महिला स्वयंले गर्नुपर्ने बाध्यात्मक अवस्था सृजना भएको छ । मुगू भ्रमणको क्रममा गाँउले महिलाहरुसँग पुरुष सदस्यको बाहिरिने क्रमसँगै कस्तो अप्ठ्याराहरु परेका छन् भनी गरिएको छलफलमा उनीहरुको भनाइ यस्तो थियो । *अरु काम गर्न त सकिन्छ तर राती कुलो फर्काउने, जोत्ने र बलको काम गर्न गारो हुन्छ । अर्कोकुरा आइमाईले हलो जोत्न हुदैन भन्छन् । एक हल गोरु र हली बराबर ३ दिन पर्म तिर्नुपर्छ, त्यसमाथि आजभोलि जोत्ने मान्छे पाउन पनि गारो छ ।* त्यसो त कतिपय महिलाहरु यस्तै स्थिति रहने हो भने आफैले हलो समाउन बाध्य हुने कुरा बताउछन् । कतिपय स्थानमा जोत्ने मानिस नभएपछि महिला आफैले जोत्न सुरु गरेको उदाहरणहरु छन् । पुरुषहरुको अनुपस्थितिमा थपिएको काम सँगै परिवारका अन्य सदस्यहरुले

खेतीपातीमा सघाउने कार्य पनि घट्दै जान्छ। खासगरी छोराछोरीहरुलाई विद्यालय पठाउन थालेपछि घरायसी काममा उनीहरुले पाउदै आएको मद्दत निकै घटेको छ। *छोरी मात्र हैन हाम्रो त बुहारी पनि पढ्न जान्छे पढ्न जाने छोरी बुहारीलाई कसरी काम लगाउनु र खै* यस्तो भन्ने महिलाहरु धेरै नै भेटिन्छन्। संयुक्त परिवारमा विद्यालय पठाउनुपर्ने ससाना बालबालिकासँगै उमेर ढल्केका वृद्धावृद्ध पनि सँगै हुन्छन्। उनीहरूको स्याहारसुसार र खानपान मिलाउन आफैमा कठिन काम छ त्यसमाथि पुरुषको पलायन मानसिक र शारीरिक तनावको मुख्य कारक बनेको छ। पुरुष निर्भर पारिवारिक वातावरणमा दुःखसुखमा रमाउँदै आएका महिलाहरूलाई एक्कासि भएको पुरुषहरूको पलायन झेल्न मुस्किल भएको छ।

सामाजिक सुरक्षाको र पारिवारीक सम्बन्धको हिसाबले महिलाहरु घरमा पुरुष सदस्यको आवश्यकता महसुस गर्दछन्। उनीहरुमाथि बढ्दो कामको बोझ साथै परिवारको सदस्यको कमि महसुस र विभिन्न सामाजिक कार्यहरुमा समय अभावका कारण सहभागी हुन पाउदैनन्। गाँऊका दिदीबहिनीसँगको अन्तरक्रिया क्रममा उनीहरुको यो अवस्था सजिलै झल्किन्छ। ग्रामीण महिलाका यस्ता सामन्य सामाजिक मनोविज्ञानका कुराहरुलाई ख्याल गर्ने र उनीहरुलाई मद्दत गर्ने कुनै ठोस काम भएको देखिदैन तर यो जटिल र विचार गर्नुपर्ने विषय हो।

## स्वास्थ्यमा पर्ने असरहरु

अर्को कुरा सामान्य कृषक महिलाले आफ्नो र परिवारको स्वास्थ्यका लागि समय कति बेला निकाल्ने हो, निकै कठिन देखिन्छ। घरव्यवहार चलाउन नगरि नहुने यस्ता कामहरु पुरा गर्दा गर्दै उनीहरुको समय सकिसक्छ।

खेतीपातीमा धेरैजसो समय लगाउनु पर्ने बाध्यताका कारण उनीहरुले परिवारका अन्य सदस्यहरुको खानपान र स्वास्थ्यको हेरबिचारमा पनि ध्यान दिन भ्याउदैनन्। खेतीपातीकै साना मसिना कामले उनीहरु समयमा खाना पकाउन र खुवाउन, आफ्नो तथा परिवारको सरसफाईमा ध्यान दिन ज्यादै कम समय दिन पाउँछन्। जे जस्तो अवस्थामा भएपनि भान्सा उम्काउने र फेरी काममै लाग्ने चटारो सधैं हुन्छ। ससाना नानीहरु यसै कारणले गर्दा पनि विद्यालय जान र बस्न मन पराउदैनन् भन्ने कुरा धेरै आमाहरुलाई थाहा छ तर उनीहरु केही गर्न सक्ने अवस्थामा छैनन्। अर्को कुरा यसको प्रत्यक्ष असर उनीहरुको आफ्नै स्वास्थ्यमा समेत परिरहेको हुन्छ। समयमा खान नपाउदा हुने ग्यास्ट्रीक गाँऊघरका महिलाहरुमा सामान्य जस्तै देखिन्छ।

बढी कामको बोझको कारण सुत्केरी अवस्थामा पर्याप्त आरामको अभाव, बढी बलको काम गर्ने कारणले कतिपय महिलाहरुको पाठेघर खस्ने समस्या भएको देखिन्छ। उदाहरणका लागि पुरुषहरुले प्रयोग गर्दै आएका कृषि औजारहरु नै प्रयोग गर्दछन जुन गह्रौ र उनीहरुका लागि सहज छैनन् जस्तै आली लगाउने, छेउकुना खन्ने कोदालो।

त्यस्तै पर्याप्त स्याहारको अभाव र कामको चापले कतिपय अवस्थामा गर्भपात समेत हुने गरेको कुरा महिलाहरु बताउँछन। खेतीपातीमा गरिने विषादीको प्रयोगबाट विभिन्न किसिमका छालाका रोगहरु, खोकी, दम आदि समेत लाग्दछ। यि सबै कुराको प्रत्यक्ष असर आमा र बच्चा दुवैको स्वास्थ्यमा पर्दछ। बद्लिदो पारिवारीक संरचनाका कारण खासगरी पुरुष बाहिरिने र एकल परिवारमा रहेका महिलाहरुलाई त बिरामी पर्दा समेत स्याहार गर्ने कोही हुदैनन्। सकि नसकि आफैले गर्नुपर्ने भएको छ।

## निष्कर्ष

माथि छलफल गरिएका विषयहरुले कृषि क्षेत्रबाट पुरुषको पलायनसँगै कृषि कामको बोझले महिलाहरुको सामाजिक र पारिवारीक जीवनपद्दतिमा के कस्तो फेरबदल आउदैछ र यसका असरहरुले उनीहरुको व्यक्तिगत जीवनमा कसरी फरक पार्दैछ भन्ने कुरा बुझ्न मद्दत गर्दछ । यि सवाहरुको विस्तृत अध्ययन गरी उनीहरुले झेलिरहेका कठिनाईहरु काम गर्न के गर्न सकिन्छ भन्ने कुरा बहसमा ल्याउन आवश्यक छ । साथै कृषिमा बढ्दो महिलाहरुको भुमिकालाई ध्यान दिदै महिलाहरुलाई कृषि प्राविधिक ज्ञानको क्षमता बढाउनु पर्दछ । जसले अहिले भइरहेका पुरुषकेन्द्रित प्रविधि तथा औजारहरुलाई महिलामुखि तथा सहज बनाउन मद्दत गर्दछ ।

अर्को कुरा कृषिको विकासको लागि महिलाहरुलाई कृषि अधिकार सम्पन्न बनाउनु पर्दछ । यो कुरा गर्दा उनीहरुको सामाजिक पहिचान, उद्यमशिलता र कृषि स्रोत माथिको स्वामित्वलाई बढाउने खालका नीति तथा कार्यक्रमहरु ल्याइनुपर्दछ । यसले कृषिमा लागेका महिलाहरुलाई कृषि काममा लागिरहन हौसला मिल्नुका साथै आफ्नो कामलाई बोझको रुपमा लिदैनन् ।

## सर्न्दभ सामाग्री


Seddon, D., Gurung, G. and Adhikari, J. (1998). Foreign Labor Migration and the Remittance Economy of Nepal, Himalayan Research Bulletin.

Paudel K. P. and J. Adhakari, (2010). The Local Food System, Livelihoods and its Political Economy, Community for Development Studies –Bikalpa, Nepal.

Paudel, K.P., Dhital, M., Tamang, S. (2010). Study Report on Food Security in Karnali: Scoping the Food System, Agriculture and Local Livelihoods, ForestAction and Care Nepal.

Lal R., 2009 . The Plow and Agriculture Sustainability. Journal of Sustainable Agriculture 38: 66-84.


●●●